# माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८

माओवादी सेनाको पुनर्वगीकरणका बखत स्वैच्छिक अवकाश र पुनर्स्थापन कार्यक्रममा सहभागी हुन ईच्छुक महिला लडाकुहरु मध्ये गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरु एवं निजका बालबालिकाहरुलाई विशेष स्वास्थ्य सुबिधा उपलब्ध गराउन र त्यस्ता महिला लडाकुहरुलाई व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरी रोजगार/स्वरोजगार हुने अबस्था सिर्जना गर्न आश्यक भएकोले नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८ रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"महिला लडाकु"** भन्नाले माओवादी सेनाको पुनर्वर्गीकरणका बखत स्वैच्छिक अवकाश वा पुनर्स्थापन कार्यक्रममा सहभागी हुन इच्छुक गर्भवती महिला लडाकुहरु र पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरु सम्झनु पर्दछ।

(ख) **"गर्भवती महिला लडाकु"** भन्नाले माओवादी सेनाको पुनर्वर्गीकरणबाट गर्भवती भनी विवरणमा समावेश भएका माओवादी सेनाका गर्भवती महिलाहरु सम्झनु पर्दछ।

(ग) **"पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकु"** भन्नाले माओवादी सेनाको पुनर्वर्गीकरण वा मन्त्रालयबाट पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरु भएको यकिन भएका माओवादी सेनाका महिला लडाकुहरु सम्झनु पर्दछ।

(घ) **"विशेष सुविधा"** भन्नाले माओवादी सेनाका गर्भवती महिला लडाकुहरुलाई र निजका पाँच वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई मात्र प्रदान गरिने पौष्टिक आहार तथा स्वास्थ्य उपचार खर्च एवं व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम समेतलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्दछ।

३. **विशेष सुविधा कार्यक्रमको संचालन :** विशेष सुविधा कार्यक्रममा सहभागी हुन इच्छा गरेका त्यस्ता महिला लडाकुहरुको नाम तथा विवरण माओवादी सेनाको रेखदेख, समायोजन एवं पुनर्स्थापन सम्बन्धी विशेष समितिको सचिवालयबाट प्राप्त भएपछि निजहरुको आवश्यकता र चाहना वमोजिमका विशेष सुविधाका कार्यक्रमहरु मन्त्रालयले संचालन गर्नेछ।

४. **व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रममा सहभागी :** महिला लडाकुले बालबालिकाको उमेर छ महिना पुरा भई पाँच वर्ष उमेर नपुगेसम्म मात्र यो कार्यक्रममा सहभागी हुन पाउने छन्।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

**५. व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम संचालन हुने स्थान :** यो कार्यक्रम आवश्यकतानुसार मन्त्रालयले तोकेको स्थानमा संचालन गर्नेछ ।

**६. विशेष सुविधा कार्यक्रममा गरीने खर्च :** (१) गर्भवती महिला लडाकुहरुको हकमा सुत्केरी नहुन्जेलसम्मको अवधिको साथै बालबालिकाको उमेर एक वर्ष पुरा नहुन्जेल र बालबालिका भएका महिला लडाकुहरुको हकमा बालबालिकाको उमेर एक वर्ष नपुगुन्जेलसम्मको अवधिको पौष्टिक आहार तथा स्वास्थ्य परीक्षण सम्वन्धी कार्यको लागि प्रति महिला लडाकुलाई प्रति महिना तीन हजार एक सय रुपैंयाका दरले सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत् रकम उपलब्ध गराईने छ ।

(२) बालबालिकाको उमेर पाँच वर्ष पूरा नहुन्जेलसम्म सरकारी तथा सामुदायिक अस्पतालमा महिला लडाकु आमा र तिनका बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ । यसको आवश्यक व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउनेछ ।

(३) महिला लडाकुहरुलाई बढीमा छ महिनाको अवधिसम्म रोजगार/स्वरोजगार हुने किसिमका व्यावसायिक सीप एवं तालिम कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था गरिनेछ । त्यस्तो कार्यक्रम **"सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७"** मा उल्लेखित प्रावधान वमोजिम हुनेछ ।

**७. केन्द्रीय समिति :** (१) विशेष सुविधा कार्यक्रम संचालनको क्रममा आइपर्ने विभिन्न नीतिगत र अन्य समस्याहरुको समाधान गर्न, आवश्यक श्रोतको व्यवस्था गर्न, कार्यक्रम सफलताको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैर-सरकारी निकायहरुको सहयोग जुटाउन तथा कार्यक्रमको समन्वय समेत गर्नको लागि देहाय वमोजिमको एक केन्द्रीय समिति रहनेछ :

| | |
|---|---|
| (क) मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - संयोजक |
| (ख) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| (ग) सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) सचिव, गृह मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, स्वास्थ्य मन्त्रालय | - सदस्य |
| (च) सचिव, उद्योग मन्त्रालय | - सदस्य |
| (छ) माओवादी सेनाका रेखदेख, समायोजन एवं पुनर्स्थापन सम्वन्धी विषेश समितिको सचिवालयबाट-संयोजकले तोकेको तीनजना सदस्य | - सदस्य |
| (ज) सह-सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सदस्य सचिव |

(२) केन्द्रीय समितिको बैठकमा आवश्यकतानुसार अन्य निकायबाट प्रतिनिधिहरु आमन्त्रण गर्न सकिनेछ ।

**८. निर्देशिका वमोजिम हुने :** यस निर्देशिकामा लेखिएका विषयहरुको हकमा यसै निर्देशिका वमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com